ग) बसाइँसराइका सांस्कृतिक प्रभावहरूको समीक्षा गर्नुहोस्।

⇒ बसाइँसराइले गन्तव्य स्थानमा आप्रवासीलाई आर्थिक, सांस्कृतिक र सामाजिक समायोजनमा कठिनाइ हुन्छ। सहर र गाउँबिचको भिन्नताको प्रभाव विस्तारै मौलिक संस्कृतिमा पनि पर्दै जान्छ। विदेशी रहनसहनको नक्कल बढ्दै जान्छ। ~~बहुसंस्कृ~~ संस्कृतिमा विचलन हुन्छ। सांस्कृतिक आदानप्रदान बढी हुन्छ (बहुसंस्कृतिकता)। यसरी बसाइँसराइले सांस्कृतिक प्रभाव पार्छ।

## एकाइ-८ संविधान र नागरिक सचेतना

### पाठ-१ (सरकार गठन प्रक्रिया)

क) प्रदेश सरकार गठन प्रक्रिया उल्लेख गर्नुहोस्।

→ हाम्रो देशमा सङ्घीय शासन प्रणाली अनुसार ७ ओटा प्रदेशहरू रहेका छन्। प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहन्छन्।
प्रदेश सरकार गठन गर्नको लागि निम्नानुसारको प्रक्रिया रहेको छ:

१) संविधानको धारा १६८ उपधारा १ बमोजिम प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्छन् र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने छ।

सरकार

२) धारा १६८ उपधारा (२) अनुसार उपधारा (१) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नसक्ने व्यवस्था छ।

३) धारा १६८ उपधारा (३) बमोजिम प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

४) धारा १६८ उपधारा (५) को प्रावधानअनुसार उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले

उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नसक्ने व्यवस्था छ।
यसरी उपधारा २, ३ र ५ अनुसार नियुक्त मुख्यमन्त्रीले नियुक्त भएको ३० दिनभित्र प्रदेश सभामा विश्वासको मत लिनुपर्ने हुन्छ।

५) संविधानको धारा १६८ उपधारा (७) अनुसार उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गर्न छन्। नयाँ सरकार गठनका लागि ~~जनता~~ जनादेश लिन ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नसक्ने व्यवस्था छ।

ख. सङ्घीय सरकार र प्रदेश सरकारको गठन प्रक्रियामा के के समानता र भिन्नता रहेका छन्? उल्लेख गर्नुहोस्।

→ सङ्घीय सरकार र प्रदेश सरकारको गठन प्रक्रियामा यस किसिमका समानताहरू रहेका छन्:

- दुवै सरकारको प्रमुखमा बहुमत प्राप्त संसदीय दलको नेतालाई नियुक्त गरिन्छ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ।
- प्रदेश/प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश/प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश/प्रतिनिधि सभाको सदस्यलाई मुख्यमन्त्री/प्रधानमन्त्री नियुक्त गर्नसक्ने व्यवस्था छ।
- प्रदेश/प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र मुख्यमन्त्री/प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले/प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश/प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री/प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।
- ~~संविधानको धारा बमोजिम नियु~~ फेरि पनि नियुक्त मुख्यमन्त्रीले/प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा कुनै सदस्यले प्रदेश/प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा त्यस्तो सदस्यलाई मुख्यमन्त्री/प्रधानमन्त्री नियुक्त गर्नसक्ने व्यवस्था छ।

- संविधानको धारा बमोजिम नियुक्त मुख्यमन्त्रीले/प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री/प्रधानमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्री/प्रधानमन्त्रीको सिफारिसमा प्रदेशप्रमुखले/राष्ट्रपतिले प्रदेश/प्रतिनिधि सभालाई विघटन गर्न हुन्छ। नयाँ सरकार गठनका लागि जनादेश लिन छ महिनाभित्र प्रदेश/प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नसक्ने व्यवस्था छ।

→ सङ्घीय सरकार र प्रदेश सरकारको गठन प्रक्रियामा यस विभिन्न भिन्नताहरू रहेका छन्:

- सङ्घीय सरकारमा देशको राष्ट्राध्यक्षका रूपमा राष्ट्रपति रहने व्यवस्था छ भने प्रत्येक प्रदेशको प्रदेश प्रमुखमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहन्छन्।
- सङ्घीय सरकारमा सरकार प्रमुखको रूपमा प्रधानमन्त्री रहन्छन् भने प्रदेश सरकारमा सरकार प्रमुखको रूपमा मुख्यमन्त्री रहन्छन्।
- सङ्घीय सरकारमा सरकार प्रमुख राष्ट्रपतिले नियुक्त गर्छ भने प्रदेश सरकारमा सरकार प्रमुख प्रदेश प्रमुखले नियुक्त गर्छ।
- सङ्घीय सरकारको गठन संविधानको धारा ७६ को विभिन्न उपधारा बमोजिम हुन्छ भने प्रदेश सरकारको गठन संविधानको धारा १६८ को विभिन्न उपधारा बमोजिम हुन्छ।

## (२) (सरकारका काम, कर्तव्य र अधिकार)

ख.) सङ्घीय सरकारका काम कर्तव्यहरूलाई विकासका काम, सुरक्षासम्बन्धी काम, वैदेशिक सम्बन्धसम्बन्धी काम र प्रशासनिक काममा वर्गीकरण गर्नुहोस्।

→ सङ्घीय सरकारको विकास सम्बन्धी काम कर्तव्यहरू:

- केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ,
- दूरसञ्चार, रेडियो, टेलिभिजन र हुलाक,
- केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाइ र अन्य आयोजना तथा परियोजना,
- अन्तर्राष्ट्रिय व्यापार, अन्तर्राष्ट्रिय विमानस्थल,
- खानी उत्खनन,
- सामाजिक सुरक्षा र गरिबी निवारण,

→ सङ्घीय सरकारको सुरक्षा सम्बन्धी काम कर्तव्यहरू:

- राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण, रक्षा र सेना सम्बन्धी
- राष्ट्रिय सुरक्षासम्बन्धी, युद्ध, हातहतियार, खरखजाना सम्बन्धी
- केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, शान्ति सुरक्षा

→ सङ्घीय सरकारको वैदेशिक सम्बन्ध सम्बन्धी काम कर्तव्यहरू:

- परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, र संयुक्त राष्ट्रसङ्घसम्बन्धी,
- अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता।

→ सङ्घीय सरकारको प्रशासनिक सम्बन्धि काम कर्तव्यहरू:

- सङ्घीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा,
- नागरिकता, राहदानी भिसा,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, राष्ट्रिय वन नीति
- राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन।

ग.) सबै तहका सरकारका बिचमा किन अधिकारको साझा सूची तयार गरिएको होला? आफ्नो विचार प्रस्तुत गर्नुहोस्।

→ नेपालको संविधान २०७२ बमोजिम नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको संविधानमा सङ्घीय, प्रदेश र स्थानीय सरकारका काम, कर्तव्य र अधिकार तोकिएको छ। सङ्घीय सरकारको कार्य क्षेत्र पूरै देश हुन्छ। प्रदेश सरकारले आफ्नो प्रदेशभित्र र स्थानीय सरकारले आफ्नो गाउँपालिका र नगरपालिका क्षेत्रभित्र काम गर्छन्। यसका लागि संविधानको अनुसूची पाँचदेखि नौसम्म प्रत्येक सरकारको एकल, साझा र संयुक्त अधिकार सूची तय गरिएका छन्। सबै तहका सरकारका बिचमा अधिकारका साझा सूची तयार पार्नुको कारण सङ्घीय, प्रदेश र स्थानीय सरकारबिचमा रहेको घनिष्ठ अन्तरसम्बन्ध हो।

नेपालमा सङ्घ, प्रदेश र स्थानीय तीनओटै तहका सरकारबिचमा अन्तरसम्बन्ध रहेको छ। तिनीहरूबिचमा सहकार्य, समन्वय र सहअस्तित्वको सम्बन्ध रहेको हुन्छ। तीनओटै सरकार गठन तथा सञ्चालनको मूल आधार संविधान हो। संविधानको अनुसूची ७ मा सङ्घ तथा प्रदेशबिचको अधिकारको साझा सूचीको व्यवस्था गरिएको छ भने अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीयबिचको अधिकारको साझा सूची गरिएको

छ। त्यसबाट ती तीनओटै सरकारको बिचमा अन्तरसम्बन्ध छ भन्ने देखिन्छ। त्यसै गरी सङ्घले बनाएको कानुन प्रदेश र स्थानीय तहमा समेत क्रियाशील हुन्छ भने प्रदेश र स्थानीय तहले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनुपर्छ। सङ्घीय लोकसेवा आयोग नबनेसम्म प्रदेश र स्थानीय तहमा सङ्घले नै कामदारीहरू उपलब्ध गराउने व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहले वैदेशिक सहायता लिनुपर्दा सङ्घीय सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। सङ्घले सङ्कलन गरेको राजस्व सङ्घले प्रदेश र स्थानीय तहलाई समेत न्यायोचित रूपमा वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहको निर्वाचन पनि सङ्घीय कानुनबमोजिम हुन्छ। निर्वाचन आयोगले तीनओटै तहको निर्वाचन गराउँछ। राज्य सञ्चालनमा समेत सङ्घले प्रदेश तथा स्थानीय तहलाई निर्देशन दिन सक्छ। प्रदेश र स्थानीय तहले त्यसको पालना गर्नुपर्छ। त्यसै गरी प्रदेश र स्थानीय तहलाई आवश्यक पर्दा सङ्घले सहयोग गर्नुपर्ने व्यवस्था छ। अत: सबै तहका सरकारका बिचमा अधिकारका साझा सूची तयार पार्नुको उद्देश्य तीनओटै सरकारको सहकार्य र समन्वयबाट देशको सबै भागमा समानुपातिक विकास र जनतालाई सुविधाहरू उपलब्ध गराउनु हो। कुनै एक तहले समन्वय नगर्दा जनतालाई मर्का पर्न सक्छ। यी तीनओटै तहहरू एक अर्कामा परिपूरक हुन्।

# ③ नागरिक अधिकार र कर्तव्य

अभ्यास

क) अधिकार र कर्तव्यको परिभाषा दिनुहोस्।

→ अधिकार भन्नाले व्यक्ति वा नागरिकले कानुन तथा संविधानद्वारा पाएको स्वतन्त्रता र सुविधा हो, जसले उसलाई सम्मानपूर्वक बाँच्न र आफ्नो व्यक्तित्व विकास गर्न मद्दत गर्छ।
कर्तव्य भन्नाले व्यक्ति वा नागरिकले समाज र राष्ट्रप्रति पूरा गर्नुपर्ने जिम्मेवारी हो। अधिकार पाएपछि त्यसको सही प्रयोग गर्नु र अरूको अधिकारको सम्मान गर्नु कर्तव्य हो।

* ) नेपालको संविधानमा उल्लिखित नागरिकका अधिकारहरूको सूची तयार पार्नुहोस्।

अधिकारहरू
→ नेपालको संविधानमा उल्लिखित नागरिकका ~~कर्तव्यहरू~~ :-
1) प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने र कानुनद्वारा समान संरक्षणको अधिकार हुने,
2) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, अपाङ्गता, स्वास्थ्य स्थिति, आर्थिक अवस्था, भाषा वा क्षेत्र वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने,
3) कसैलाई पनि समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नहुने व्यवस्था,
4) व्यक्तिको गोपनीयताको अधिकार रहने।

ख) नेपालको संविधानमा उल्लिखित नागरिकका कर्तव्यहरूको सूची तयार गर्नुहोस्।

→ नेपालको संविधानमा उल्लिखित नागरिकका कर्तव्यहरू :-
- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौम सत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानुनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु।

ग) नागरिक अधिकारको आवश्यकतालाई उदाहरणसहित प्रस्ट पार्नुहोस्।

→ नागरिक अधिकारहरू प्रत्येक व्यक्तिको सम्मानजनक, सुरक्षित र स्वतन्त्र जीवनका लागि अत्यन्त आवश्यक हुन्छन्। नागरिक अधिकारले व्यक्तिलाई शिक्षा, स्वास्थ्य, रोजगारी र अभिव्यक्तिको स्वतन्त्रता जस्ता आधारभूत सुविधा उपभोग गर्ने अवसर दिन्छ, जसले उसको व्यक्तित्व विकासमा मद्दत गर्दछ। उदाहरणका लागि, शिक्षाको अधिकारले मानिसलाई ज्ञान र सीप हासिल गर्ने अवसर दिन्छ भने अभिव्यक्ति स्वतन्त्रताले आफ्ना विचारहरू खुला रूपमा राख्न सक्ने वातावरण सिर्जना गर्छ। त्यस्तै कानुनको नजरमा समानताको अधिकारले जात, धर्म, लिङ्ग वा वर्गका आधारमा हुने भेदभावलाई रोक्छ र सबैलाई समान व्यवहार सुनिश्चित गर्छ। मतदानको अधिकारले नागरिकलाई आफ्नो प्रतिनिधि छान्ने अवसर दिन्छ, जसले लोकतन्त्रलाई सुदृढ बनाउँछ। यसरी

नागरिक अधिकारहरूले मानव मर्यादा, समानता र न्याय कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्दछन्, त्यसैले सभ्य र लोकतान्त्रिक समाज निर्माणका लागि नागरिक अधिकार अनिवार्य हुन्छन्।

## ४ किशोरकिशोरीको अधिकार र कर्तव्य

क) किशोरकिशोरीहरूको अधिकारको सूची बनाई ती अधिकारहरू प्राप्त नभएमा के के असर पर्न सक्छ, उल्लेख गर्नुहोस्।

→ किशोरकिशोरीहरूको अधिकारहरू :- (शिक्षाको अधिकार, स्वास्थ्य सेवा पाउने अधिकार, बाँच्ने र सुरक्षित रूपमा हुर्कन पाउने अधिकार, पहिचान पाउने अधिकार (नाम, जन्मदर्ता, नागरिकता))

- अभिभावकबाट संरक्षणको अधिकार
- सहभागिताको अधिकार
- बालविवाहबाट मुक्त हुने अधिकार
- शारीरिक, मानसिक र सम् संवेगात्मक विकासको अधिकार।

यदि किशोर-किशोरीहरूले यी अधिकारहरू प्राप्त गर्न सकेनन् भने उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा नकरात्मक प्रभाव पर्छ। शिक्षाको अधिकार नपाउँदा अशिक्षा बढ्छ र भविष्यमा राम्रो रोजगारीको अवसर घट्छ। स्वास्थ्य र पोषणको अधिकार नपाउँदा रोग तथा कमजोर शारीरिक अवस्था देखिन सक्छ। शोषण र हिंसाबाट संरक्षण नपाउँदा ~~मानसिक~~ मानसिक तनाव, डर र आत्मविश्वासको कमी हुन्छ। समान व्यवहार नपाउँदा विभेदको भावना बढ्छ र समाजप्रति नकरात्मक सोच विकसित हुन सक्छ। सहभागिताको अवसर नपाउँदा उनीहरूको नेतृत्व क्षमता र निर्णय गर्ने क्षमता विकास हुन सक्दैन।

ख) किशोरकिशोरीहरूले कर्तव्य पालना गर्दा फाइदाको सूची तयार पार्नुहोस्।

→ किशोरकिशोरीहरूले कर्तव्य पालना गर्दा हुने फाइदाहरूको सूची :

१) अनुशासन र जिम्मेवारी विकास हुन्छ : कर्तव्य पालना गर्दा समयमै काम गर्ने बानी बस्छ र जिम्मेवार नागरिक बन्न मद्दत मिल्छ।

२) व्यक्तित्व विकास हुन्छ - नियम पालना, इमानदारी र मेहनतका कारण राम्रो चरित्र निर्माण हुन्छ।

३) पारिवारिक सम्बन्ध सुदृढ हुन्छ - घरका कर्तव्य पूरा गर्दा अभिभावकसँग विश्वास र माया बढ्छ।

४) शैक्षिक सफलता प्राप्त हुन्छ - पढाइप्रति कर्तव्यनिष्ठ हुँदा राम्रो नतिजा आउँछ र भविष्य ~~उज्ज~~ उज्ज्वल हुन्छ।

५) नेतृत्व क्षमता विकास हुन्छ - विद्यालय वा समुदायका काममा जिम्मेवारी वहन गर्दा नेतृत्व गुण बढ्छ।

६) सकरात्मक सोच र आत्मविश्वास बढ्छ, देशको विकासमा योगदान पुग्छ।

ग) किशोरकिशोरीका लागि यौन तथा प्रजननको विषय अधिकार र कर्तव्य दुवै हो। यस भनाइलाई पुष्टि गर्नुहोस्।

→ किशोरकिशोरीका लागि यौन तथा प्रजननको विषय अधिकार र कर्तव्य दुवै हो, किनकि यसले उनीहरूको शारीरिक, मानसिक र सामाजिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्छ। उनीहरूलाई आफ्नो शरीरसम्बन्धी सही जानकारी पाउने, स्वास्थ्य सेवा प्राप्त गर्ने, सुरक्षित वातावरणमा हुर्कने र जबर्जस्ती वा हिंसाबाट मुक्त रहने अधिकार हुन्छ। यौन तथा प्रजनन स्वास्थ्यबारे सचेतना पाउनु उनीहरूको आधारभूत अधिकार हो, जसले अनिच्छित जोखिम, सरुवा रोग तथा भेदभावबाट जोगिन मद्दत गर्छ। यसरी आवश्यक जानकारी र सेवा पाउनु किशोर किशोरीको अधिकार हो।

तर यो विषय अधिकार मात्र नभई कर्तव्य पनि हो। किशोर-किशोरीले आफ्ना व्यवहार र निर्णयप्रति जिम्मेवार हुनुपर्छ। गलत सूचना फैलाउने, अरूको सम्मान नगर्ने वा असुरक्षित व्यवहार अपनाउने काम गर्नु हुँदैन। आफू सुरक्षित रहनु र अरूको अधिकारको सम्मान गर्नु उनीहरूको कर्तव्य हो। यौन तथा प्रजननसम्बन्धी विषयमा आत्मसंयम (आफ्नो भावना, इच्छालाई नियन्त्रणमा राख्ने क्षमता), पारस्परिक सम्मान र सही निर्णय लिनु आवश्यक हुन्छ।

यसरी हेर्दा, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी र सेवा पाउनु किशोर-किशोरीको अधिकार हो भने त्यसलाई जिम्मेवारीपूर्वक प्रयोग गर्नु उनीहरूको कर्तव्य हो। अधिकार र कर्तव्य सँगसँगै पालना गर्दा मात्र उनीहरूको समग्र विकास सम्भव हुन्छ र स्वस्थ, सभ्य तथा जिम्मेवार समाज निर्माणमा योगदान पुग्छ।

५) मुलुकी संहिता

अभ्यास

क) फौजदारी अभियोग कस्तो अभियोग हो ?

→ फौजदारी अभियोग भनेको त्यस्तो कानुनी अभियोग हो जसमा कसैले कानुनविपरीत गम्भीर अपराध गरेको आरोप लाग्छ र राज्यले उसको विरुद्ध मुद्दा चलाउँछ। यस प्रकारको अभियोगमा अपराध समाज र राज्यविरुद्ध मानिन्छ, त्यसैले सरकार स्वयं मुद्दा दर्ता गरी कारवाही अगाडि बढाउँछ। यदि दोषी ठहर भएमा सजाय स्वरुप कैद, जरिवाना वा दुवै हुन सक्छ। उदाहरण: हत्या, बलात्कार, लागुऔषध कारोबार आदि फौजदारी अपराध अन्तर्गत पर्दछन्।

ख) फौजदारी र देवानी मुद्दाबिचको फरक देखाउनुहोस्।

→ फौजदारी र देवानी मुद्दाबिचको फरक:

| फौजदारी मुद्दा | देवानी मुद्दा |
|---|---|
| - कानुनविपरीत गरिएको अपराधसम्बन्धी मुद्दा। | - व्यक्तिहरूबीचको निजी हक- अधिकारसम्बन्धी विवाद। |
| - समाज र राज्यविरुद्धको गम्भीर अपराध | - सम्पत्ति, लेनदेन, विवाह, सम्बन्ध जस्ता निजी विवाद। |
| - राज्य (सरकार) ले अभियुक्त विरुद्ध मुद्दा चलाउँछ। | - पीडित व्यक्ति वा पक्षले अर्को पक्ष विरुद्ध मुद्दा हाल्छ। |
| - उदाहरण: हत्या, बलात्कार। | - उदाहरण:- जग्गा विवाद, ऋण लेनदेन, सम्बन्धविच्छेद आदि। |

ग) देवानी संहिताका सामान्य सिद्धान्तअन्तर्गत कुन कुन प्रावधानहरू किशोरकिशोरीका दैनिक व्यवहारसँग सम्बन्धित छन् ? टिपोट गर्नुहोस्।

→ देवानी संहिताका सामान्य सिद्धान्त अन्तर्गत यी प्रावधानहरू किशोरकिशोरीका दैनिक व्यवहारसँग सम्बन्धित छन्:

- बिस वर्ष पूरा भएपछि मात्र विवाह गर्न पाइने छ।
- प्रत्येक व्यक्तिले जन्मेपछि आफ्नो धर्म, संस्कृति, चलन र परम्परा अनुसार आमा वा बुवा वा संरक्षकले राखेको नाम पाउने छ।
- बच्चा जन्मेको तीन महिनाभित्र अभिभावकले जन्म दर्ता गर्नुपर्ने छ।
- कानुनको अज्ञानता क्षम्य हुने छैन। कानुन सबैले जानेको अनुमान गरिन्छ।
- कुनै काम गर्दा वा गराउँदा कसैको गल्तीले अरूलाई हानि नोक्सानी हुन गएमा त्यसरी हानि नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ती गर्ने वा गराउने व्यक्तिले व्यहोर्नुपर्ने छ।

६) (सूचनाको हक)

अभ्यास

क) सूचनाको हक भनेको के हो ?

→ प्रजातान्त्रिक मुलुकमा हरेक नागरिकलाई सार्वजनिक महत्वको सूचना वा जानकारी माग गर्ने हक अधिकार हुन्छ जसलाई सूचनाको हक भनिन्छ।

ख) सूचनाको हकको महत्व उल्लेख गर्नुहोस्।

→ सूचनाको हकको महत्व:

- नागरिकले सरकारी कामकाज र निर्णयबारे जानकारी पाउँदा पारदर्शिता कायम हुन्छ।
- सार्वजनिक निकाय र अधिकारीहरूले आफ्नो कामप्रति जिम्मेवार बन्न प्रेरित हुन्छ।
- सूचना पाएर नागरिकले योजनामा सहभागी भई निर्णय प्रक्रियामा सक्रिय भूमिका खेल्न सक्छ।
- खुला सूचना हुँदा भ्रष्टाचार, दुरुपयोग र अनियमितता घट्छ।
- सबै नागरिकले आवश्यक सूचना पाएर समान अवसर र सेवा सुनिश्चित गर्न सक्दछन्।
- सूचना हकले नागरिकलाई आफ्नो अधिकार र जिम्मेवारी बुझ्न मद्दत गर्छ।

ग) सूचनाको हक प्रत्याभूति गर्न सार्वजनिक निकाय वा संस्थाले के के गर्नुपर्छ ?

→ सूचनाको हक प्रत्याभूति गर्न सार्वजनिक निकाय वा संस्थाले गर्नुपर्ने कार्यहरू:

१) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने

२) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने
३) आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने
४) आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने
५) सार्वजनिक निकायले सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्ने।

घ.) सार्वजनिक संस्थाको के कस्तो सूचना माग गर्न पाइँदैन?

→ सार्वजनिक संस्थाको यस प्रकारका सूचनाहरू माग गर्न पाइँदैन:

१) सार्वभौमिकता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, स्थिरता र नेपालका अन्तर्राष्ट्रिय सम्बन्धलाई गम्भीर असर पर्ने सूचना,
२) अपराधहरूको अनुसन्धान, जाँच र अभियोजनलाई सिधा प्रभाव पर्ने सूचना,
३) आर्थिक, व्यापार वा मौद्रिक रुचि वा बौद्धिक सम्पत्ति वा बैंकिङ वा व्यापारिक गोपनीयताको सुरक्षामा गम्भीर प्रभाव पार्ने सूचना,
४) विभिन्न जाति वा समुदायहरूको सम्बन्धलाई असहज बनाउने सूचना।

## (6) सदाचार र सामाजिक जवाफदेही

१.) सदाचार भनेको के हो? सदाचार हुँदा हुने फाइदाहरूको सूची तयार पार्नुहोस्।

→ सदाचार भनेको सधैँ सत्य, इमानदारी, नैतिकता र जिम्मेवारीको आधारमा सोच्ने, बोल्ने र गर्ने गुण हो, जसले व्यक्तिलाई जिम्मेवार, अनुशासित र समाजमैत्री बनाउँछ। (असल आचरणलाई सदाचार भनिन्छ।)

सदाचार हुँदा हुने फाइदाहरू:-

- व्यक्तिमा आत्मनियन्त्रण र स्वउत्प्रेरणा वृद्धि गर्छ।
- सुशासन कायम गर्न सघाउँछ। (इमानदारीपूर्ण व्यवहारले समाजमा विश्वास बढ्छ)
- जिम्मेवार र अनुशासित नागरिक बन्न सहयोग गर्छ।
- परिवार र साथीहरूसँग सम्बन्ध बलियो हुन्छ।
- समाजमा शान्ति र सहिष्णुता कायम हुन्छ।

ख.) सदाचारले समाजमा पार्ने प्रभाव उल्लेख गर्नुहोस्।

→ सदाचारले समाजमा पार्ने प्रभाव:-

१) सदाचार भएका मानिसहरूले इमान्दारी, न्याय र नैतिकता अपनाउँदा समाजमा विश्वास र भरोसाको वातावरण सिर्जना हुन्छ।
२) अरूको हक र अधिकारको सम्मान गर्दा समानता र न्याय कायम रहन्छ र विभेद घट्छ।
३) सचेत, जिम्मेवार र अनुशासित व्यवहारले समाजमा नियम पालन र सामाजिक शान्ति बढाउँछ।
४) सदाचारले सहयोग, मेलमिलाप र सहिष्णुताको भावना बढाएर समाजमैत्री सम्बन्ध बलियो बनाउँछ।
५) व्यक्तिगत मर्यादा र जिम्मेवारीको पालन गर्दा समाजमा सम्मान, प्रतिष्ठा र सकारात्मक सामाजिक मूल्यहरू स्थापित हुन्छन्।

ग.) सार्वजनिक पदमा बसेको व्यक्ति सदाचारी भएन भने के के समस्या आइपर्न सक्छन्? बुँदागतरूपमा उल्लेख गर्नुहोस्?

→ सार्वजनिक पदमा बसेको व्यक्ति सदाचारी नभएमा आइपर्ने समस्याहरू:

- भ्रष्टाचार र आर्थिक अनियमितता बढ्न सक्छ।
- सरकारी निर्णयमा पक्षपात र अन्याय हुन सक्छ।
- जनताको सरकारप्रतिको विश्वास घट्न सक्छ।
- सार्वजनिक स्रोत र सम्पत्तिको दुरुपयोग हुन सक्छ।
- सेवाप्रवाह ढिलो, असक्षम र अव्यवस्थित हुन सक्छ।
- योग्य व्यक्तिले अवसर नपाई अयोग्य व्यक्तिले लाभ लिन सक्छ।

घ.) सामाजिक जवाफदेहिताको अवधारणा कसरी विकास हुँदै आएको छ? उल्लेख गर्नुहोस्।

→ सामाजिक जवाफदेहिता अवधारणा कसरी विकास हुँदै आएको छ:

- प्राचीन समयदेखि नै शासकले जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने धारणा रहँदै आएको थियो, जसले जवाफदेहिताको प्रारम्भिक आधार तयार गर्यो।
- लोकतान्त्रिक शासन व्यवस्थाको विकाससँगै जनताले शासक र सार्वजनिक निकायसँग उत्तर माग्ने अधिकार संस्थागत रूपमा स्थापित भयो।
- संवैधानिक व्यवस्था र कानुन निर्माणपछि सार्वजनिक पदाधिकारीलाई कानुनी रूपमा जिम्मेवार बनाउने प्रथा बलियो बन्दै गयो।

CamScanner

- मानव अधिकार, सुशासन र पारदर्शितासम्बन्धी अन्तर्राष्ट्रिय आन्दोलनहरूले सामाजिक जवाफदेहितालाई थप सुदृढ बनाए।
- सूचना प्रविधि र सञ्चार माध्यमको विस्तारसँगै नागरिक सहभागिता बढ्यो र सार्वजनिक निकायमाथि निगरानी राख्ने अभ्यास व्यापक भयो।

(10) पाठ-५

## नेपालको अर्थतन्त्र र विकास

क) अर्थतन्त्र भनेको के हो?
→ अर्थतन्त्र भनेको उत्पादन, उपभोग, विनिमय, वितरण तथा राजस्वको अन्तरसम्बन्धित क्रियाकलापहरूको समष्टिगत संरचना हो जसले दुर्लभ साधनहरूको उचित वितरण र सदुपयोगद्वारा मानवीय आवश्यकता पुरा गर्ने उद्देश्य लिएको हुन्छ।

ख) विकास भनेको के हो?
→ विकास भनेको सकरात्मक परिवर्तन हो। अर्थात देशको आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा हुने सकरात्मक परिवर्तन नै विकास हो।

ग) आर्थिक विकासका कुनै दुई सूचकहरूको नाम लेख्नुहोस्।
→ आर्थिक विकासका दुई सूचकहरू:
- उच्च प्रतिव्यक्ति आय - उच्च राष्ट्रिय आय

घ) नेपालको आर्थिक विकासका कुनै दुई अवरोधकको नाम लेख्नुहोस्।
→ नेपालको आर्थिक विकासका दुई अवरोधकहरू:-
- गरिबी - बेरोजगारी

च ~~ङ~~.) आर्थिक विकासलाई परिभाषित गर्दै यसका सूचकहरूको सूची तयार गर्नुहोस्।
→ आर्थिक विकास भनेको एउटा प्रक्रिया हो जसका कारण एउटा अर्थ व्यवस्थाको दीर्घकालसम्म वास्तविक राष्ट्रिय आय वृद्धि भइरहन्छ।
आर्थिक विकासका सूचकहरू:-
- उच्च प्रतिव्यक्ति आय - उच्च मानव विकास सूचक
- उच्च राष्ट्रिय आय - आधारभूत आवश्यकताको परिपूर्ति

ङ.) अर्थव्यवस्थाका तीन प्रकारहरूको व्याख्या गर्नुहोस्।
→ अर्थव्यवस्थाका मुख्य तीन प्रकारहरू यसप्रकार छन्:
1) पूँजीवादी अर्थव्यवस्था:
यस प्रकारको अर्थव्यवस्थामा उत्पादनका साधन (जमिन, उद्योग आदि) निजी व्यक्तिको स्वामित्वमा हुन्छन्। बजारको माग र आपूर्तिका आधारमा मूल्य निर्धारण हुन्छ। सरकारको भूमिका सीमित हुन्छ। उदाहरणका रूपमा United States लाई लिन सकिन्छ।
2) समाजवादी अर्थव्यवस्था:
यस ~~प्रणालीमा~~ प्रणालीमा उत्पादनका साधन सरकारको स्वामित्वमा हुन्छन्। के उत्पादन गर्ने र कसरी वितरण गर्ने भन्ने निर्णय सरकारद्वारा गरिन्छ। समानता र सामाजिक न्यायलाई प्राथमिकता दिइन्छ। उदाहरणका रूपमा China लाई लिन सकिन्छ।
3) मिश्रित अर्थव्यवस्था:
यसमा पुँजीवादी र समाजवादी दुवै प्रणालीका विशेषताहरू हुन्छन्। निजी क्षेत्र र ~~सरकारी~~ सरकारी क्षेत्र दुवैले उत्पादन र सेवा क्षेत्रमा काम गर्छन्। Nepal जस्ता देशहरूले मिश्रित अर्थव्यवस्था अपनाएका छन्।

छ.) नेपालको आर्थिक विकासलाई यसका सूचकका आधारमा व्याख्या गर्नुहोस्।
→ नेपालको आर्थिक विकासलाई ~~~~ विभिन्न सूचकहरूका आधारमा यसरी व्याख्या गर्न सकिन्छ:
1) राष्ट्रिय ~~अर्थ~~ आय र प्रतिव्यक्ति आय:
नेपालको राष्ट्रिय आय र प्रतिव्यक्ति आय क्रमशः बढ्दै गएको छ। यसले देशमा उत्पादन र आयमा वृद्धि भएको देखाउँछ। तर अझै पनि विकसित देशहरूको तुलनामा आय कम रहेको पाइन्छ।
2) मानव विकास सूचकांक (HDI)
United Nations Development Programme ले प्रकाशन गर्ने मानव विकास सूचकांकमा नेपालको अवस्था क्रमशः सुधार भइरहेको छ। शिक्षा, स्वास्थ्य र आयका क्षेत्रमा सुधार देखिए पनि अझै मध्यम स्तरमै रहेको छ।